# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस नोट

२०७५ भदौ २७

### प्रेस स्वतन्त्रताको सम्मान गर्न आग्रह

मुलुकी अपराध संहिता लगायतका दस्तावेजहरूमा भएका कतिपय प्रावधानहरूबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन हुनसक्ने भएको भन्दै नेपाल पत्रकार महासंघको प्रतिनीधि मण्डलले आयोगलाई ध्यानाकर्षण गराएको छ ।

नेपाल पत्रकार महासंघले उठाउँदै आएको यस विषयलाई सम्बोधन गर्ने क्रममा नेपाल सरकारले मुलुकी अपराध संहिता लगायतका दस्तावेजका कतिपय प्रावधानबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा पारेको प्रभाव बारे सुझाव दिन कार्यदल गठन गर्नुलाई आयोगले सकारात्मक रुपमा लिएको छ ।

पत्रकार महासंघले उठाएका विषयहरूलाई उक्त समितिले मानव अधिकार तथा प्रेस स्वतन्त्रताका आधारभूत मुल्य र मान्यताको आधारमा सम्बोधन गर्ने विषयमा विश्वस्त हुँदै मौलिक हकको व्यवस्था बमोजिम प्रतिकूल असर नपर्ने गरी स्वतन्त्र पत्रकारीताको पक्षमा थप प्रभावकारी कार्य गर्न आयोग नेपाल सरकार समक्ष अनुरोध गर्दछ । साथै समाचार लेखेकै आधारमा कोही पनि पत्रकार पीडित हुने अवस्था आउन नदिन तथा पत्रकारहरूबाट पनि समाचार प्रकाशन वा प्रशारण गर्दा पत्रकार आचार संहिताको पूर्ण पालना गर्न, गराउन समेत आयोग सम्वद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

मोहना अन्सारी

प्रवक्ता/सदस्य


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org